# सार्वजनिक लेखा समितिको परिचय र क्रियाकलाप

**१.परिचयः-**

कर्णाली प्रदेश सभा अन्तर्गत गठित ४ वटा विषयगत समितिहरू मध्ये सार्वजनिक लेखा समिति एउटा महत्वपूर्ण विषयगत समिति हो। राज्यकोषको खर्च संविधान, ऐन, नियम र कार्यविधिबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँचपड्ताल गर्न यो समितिको महत्वपूर्ण भूमिका रहन्छ।

**२. समितिको गठन प्रक्रियाः-**

प्रदेश सभा नियमावली, २०७४ बमोजिम गठित यस विषयगत समितिमा देहाय बमोजिम नौ जना माननीय सदस्यहरू रहनु भएको छ ।

| | | |
|---|---|---|
| १. | मा. श्री दीनबन्धु श्रेष्ठ | अध्यक्ष |
| २. | मा. अम्मर बहादुर थापा | सदस्य |
| ३. | मा. श्री करवीर शाही | सदस्य |
| ४. | मा. श्री खडकबहादुर खत्री | सदस्य |
| ५. | मा. श्री गुलाव जंग शाह | सदस्य |
| ६. | मा. श्री गोपाल शर्मा | सदस्य |
| ७. | मा. श्री झोवा वि.क. | सदस्य |
| ८. | मा. पदम बहादुर रोकाया | सदस्य |
| ९. | मा. श्री बदमी क्वारी बोहोरा | सदस्य |

**३. समितिको कार्य क्षेत्रः-**

सार्वजनिक लेखा समितिको क्षेत्रभित्र निम्म बमोजिमका निकायहरू पर्दछनः-

- प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन,
- सार्वजनिक लेखा तथा प्रदेश लेखा परिक्षक कार्यालयको प्रतिवेदन,
- बेरुजु फछ्र्यौट सम्बन्धी

**४. समितिको सचिवालयः**

प्रदेश सभा सचिवालय अन्तर्गत सार्वजनिक लेखा समितिको सचिवालय रहेको छ । यस समितिमा प्रदेश सभा सचिवालयले तोकेका कर्मचारीहरु हुने र प्रदेश सभा सचिवालयले नै एक जना अधिकृत स्तरको कर्माचारीलाई समिति सचिव र अन्य सहायक कर्मचारीहरु लाई समिति सचिवालयको

कामकाज गर्नको लागि तोक्ने व्यवस्था भएबमोजिम यस समितिमा तपसिल बमोजिमको कर्मचारीहरु कार्यरत रहेका छन्ः

| क्र.सं. | कर्मचारीको नाम, थर | पद |
|---|---|---|
| १. | श्री उपेन्द्रकुमार गुरूङ्ग | समिति सचिव |
| २. | श्री लोक प्रसाद ढकाल | सहायक कर्मचारी |
| ३. | श्री सदामसिंह राठौर | सहायक कर्मचारी |
| ४. | श्री श्यामलाल रेग्मी | सहयोगी कर्मचारी |

**५. समितिको काम, कर्तव्य र अधिकारः-**

१. कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखा सँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

२. कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

३. मन्त्रीले कर्णाली प्रदेश सरकारको तर्फबाट बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

४. सार्वजनिक लेखा र प्रदेश लेखापरीक्षकको वार्षिक प्रतिवेदनसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

५. कर्णाली प्रदेश सरकारका मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।

६. सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञसँग समेत छलफल गर्न सक्ने।

६.समितिले गरेका प्रमुख कार्यहरुः-

- भौतिक पूर्वाधार विकास मन्त्रालयले गरेको Detail Project Report (DPR) का विषयमा उपसमितिले छानविन गरिरहेको,
- कर्णाली प्रदेश अन्तर्गत रहेका मन्त्रालयबाट गत आ.व.मा रकमान्तर भएको रकमको सम्बन्धमा माननीय मन्त्री प्रकाश ज्वाला, आर्थिक मामिला तथा योजना मन्त्रालय, माननीय मन्त्री दल रावल, सामाजिक विकास मन्त्रालय, विष्णु प्रसाद नेपाल सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग छलफल गरी उप समितिबाट प्राप्त प्रतिवेदन समितिबाट पास गरिएको,
- आर्थिक वर्ष सकिनै लाग्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मुख्यमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री दलित महिला आय आर्जन कार्यक्रम र कर्णाली उज्यालो कार्यक्रमको नाममा रकम निकासा भएकोमा माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाहीलाई आमन्त्रण गरी समयावधिको विषय, आर्थिक दायित्व खर्च हुन सक्ने आधारहरू, आर्थिक पारदर्शिता र उत्तरदायित्व, योजनाहरू छनौटको आधार र प्रक्रिया, नीतिगत विषय जस्ता विषयमा छलफल गरी आवश्यक निर्देशन गरिएको ।

**समिति अन्तर्गत गठन गरिएका उपसमितिः**

| | |
|---|---|
| मा० करवीर शाही | संयोजक |
| मा० गोपाल शर्मा | सदस्य |
| मा० झोवा वि.क. | सदस्य |

**समिति तथा उपसमितिहरूको बैठक संख्या विवरणः**

सार्वजनिक लेखा समिति

पहिलो बैठकः २०७५।०१।१७ देखि २०७७।०८।२१ सम्म

बैठक संख्या: ५१

७. समितिले सरकारलाई दिएका निर्देशनहरू

१. प्रदेश सरकारले सार्वजनिक खर्च गर्दा सार्वजनिक खरिदसम्बन्धी प्रदेश ऐन, प्रदेश सभाबाट पारित गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउने ।

२. चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा व्यक्तिगत तथा सामूहिक फर्म, सहकारी र संस्थाहरूको छनौटको मापदण्ड र स्पष्ट आधार तयार गरी सोही आधारमा पारदर्शी ढङ्गबाट फर्म, सहकारी तथा संस्थाहरू छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

३. आर्थिक वर्षको आधा भन्दा वढी समय गुज्रिसक्दा समेत पूँजिगत खर्च न्यून रहेको हुँदा अन्तिम अवस्थामा विना कुनै तयारी बजेट खर्च गर्ने प्रवृत्तिले बजेट दुरूपयोग हुन सक्ने भएकोले वार्षिक कार्यक्रमलाई यथाशीघ्रअगाडि बढाउने ।

८. **समितिले सरकारलाई दिएका निर्देशनहरूको पालनाको अवस्था**

सभा वर्षै भरि बस्न नसक्ने भएकाले सभाको प्रतिनिधित्व गर्दै सभाका कामकारवाही अगाडि बढाउन समितिहरूको गठन भएको व्यहोरा सर्व विदितै छ । सरकार सभा र समितिहरूप्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने हुन्छ । तर,दिन प्रतिदिन कर्णाली प्रदेश सरकारमा सभा र समितिहरू प्रतिको जवाफदेहीता र उत्तरदायित्वमा कमि आएको महशुस भएको छ । समितिले मागेका विवरणहरूको पूर्ण र समयभित्र जवाफ पठाउन वेवास्ता गरेको देखिएकोले यथाशीघ्र निर्णयहरूको पूर्ण पालना गराउनु पर्ने देखिन्छ ।